संयुक्त राष्ट्रसङ्घीय
मानवअधिकार उच्चायुक्तको
कार्यालय, नेपाल

# प्रेस विज्ञप्ति – २०६४ साउन ३

## उच्चायुक्तको कार्यालय–नेपाल गाविस सचिवको हत्याप्रति गम्भीररूपमा चिन्तित

उच्चायुक्तको कार्यालय साउन २ गते सिरहा जिल्लाको गोविन्दपुरमा जनतान्त्रिक तराई मुक्ति मोर्चा (जेटीएमएम) - ज्वाला सिंहद्वारा गरिएको भनिएको गाउँ विकास समिति (गाविस) सचिव रामहरि पोखरेलको हत्याप्रति गम्भीररूपमा चिन्तित छ । उहाँलाई पछि छोडिएका अरू दुईजनासँगै असार ३१ गते अपहरण गरिएको जानकारी प्राप्त भएको थियो । यस वर्ष सशस्त्र समूहहरूद्वारा मध्य तथा पूर्वी तराई क्षेत्रमा अपहरणका लागि लक्ष्यित गरिएका कैयन व्यक्तिहरूमध्ये स्थानीय राज्यअधिकारीहरू रहेका छन् । हिंसाका यी आपराधिक घटनाहरूले तराईमा सुरक्षा तथा मानवअधिकारको स्थितिमा अझै गम्भीर असर पारिरहेका छन् र जिम्मेवारहरूलाई आफ्ना कार्यका लागि जवाफदेही बनाउन कानुनअनुरूप यिनको अनुसन्धान गरिनैपर्छ ।

असार ३२ गते संयुक्त राष्ट्रसङ्घीय महासचिवका विशेष प्रतिनिधि इयान मार्टिनले एउटा वक्तव्यमा संवाद र एउटा लोकतान्त्रिक प्रक्रियामार्फत् सबै मुद्दाको समाधान गर्नुपर्ने महत्त्वमाथि जोड दिँदै नेपालका सबै जनता र समूहहरूलाई अहिंसाका लागि सार्वजनिक अपिल गर्नुभयो । शान्ति प्रक्रिया सफल हुन तथा नेपाली जनताको विविधता र सबैको मानवअधिकारको सम्मान गर्ने समाज बनाउन अरूप्रतिको सहिष्णुता, विश्वास र संवाद अत्यावश्यक छन् ।

For further information contact Chun Bahadur Gurung at OHCHR-Nepal:
Tel.: 428 0164 (Ext. 320) - Mobile: 98510 16937 or Email: cgurung@ohchr.org